*Puneet Yadav, IAS*

**District Magistrate & Collector, Darjeeling**
Telephone : Office (0354) 2254233, 2256201, 2254338 (Fax)
Telephone : Residence (0354) 2256182 (Tele Fax)
E-mail : dm.darjeeling@gmail.com & dm-darj@nic.in

सत्यमेव जयते

## बाल श्रमिक नियुक्त गर्नेलाई अपील

महोदय/महोदया,

नानीहरूलाई शिक्षा अधिकार प्राप्त गर्नमा, बालश्रम एउटा ठूलो बाधाको कारण हो । यसैले १८ वर्षभन्दा कम उमेरको केटा-केटीहरूलाई काममा राख्नु अनुचित हो। यस्तो गर्नाले निम्नलिखित प्रावधानअनुसार जिल्ला प्रशासनले तपाईं विरूद्ध कारवाही गर्नसक्छ।

१. बालश्रम (निषेध एवं विनियमन) अधिनियम १९८६ (संशोधित् २००६) को –

(क) धारा ३ अनुसार १४ वर्षसम्म को केटा-केटीलाई जोखिमपूर्ण काममा राख्नु पूर्ण रूपले प्रतिबन्धित् छ ।

(ख) बालश्रम (निषेध एवं विनियमन)अधिनियम १९८६ (संशोधित २००६) -को धारा १४ अनुसार यस अधिनियमको धारा ३ उल्लघंन गर्ने व्यक्तिलाई ३ महिना देखि १ वर्षसम्म कारावास अनि प्रति नानी २०,०००/- रुपियाँ सम्म जरिमाना वा दुवैवटा सजाई हुनसक्छ ।

२. किशोर न्याय (नानीहरूको देखभाल अनि संरक्षण) अधिनियम २००० अन्तर्गतः

(क) धारा २३ अनुसार यदि कुनै व्यक्तिले १८ वर्षसम्म वा कम उमेरको किशोर वा केटा-केटीसँग क्रूरतापूर्ण व्यवहार गर्छ वा उसलाई मानासिक, शारीरिक वा दुवै किसिमको यात्ना दिन्छ भने उसलाई ६ महिनासम्म कारावास वा जरिमाना वा दुवैवटा सजाई हुनसक्छ।

(ख) धारा २४ अनुसार यदि कोही व्यक्तिले कुनै केटा-केटी वा किशोरलाई भीख माग्न लगाउँछ वा यस्तो गर्नको निम्ति उसलाई मजबूर गराउँछ भने ३ वर्षसम्मको कारावास अनि जरिमाना वा दुवैवटा सजाई हुनसक्छ।

(ग) धारा २५ अनुसार यदि कोही व्यक्तिले कुनै केटा-केटी वा किशोरलाई सार्वजनिक स्थलमा मदिरापान गराउँछ वा मदिरापान गर्नु मजबुर गराउँछ, उ (केटा-केटी) बिमार हुँदा राम्रो चिकित्सक (डाक्टर)-को सल्लाहबिनै नशालु वा मनोरोगको दबाई खुवाउँछ भने त्यस व्यक्तिलाई ३ वर्षसम्मको कारावास अनि जरिमाना दुवै हुनसक्छ।

(घ) धारा २६ अनुसार यदि कोही व्यक्तिले कुनै केटा-केटी वा किशोरलाई जोखिमपूर्ण काममा लगाउँछ वा यस्तो कामकोलागि उसलाई कुनै ठाउँमा व्यवस्थित् गर्छ वा उसले कमाएको पैसा आफूले उपभोग गर्छ भने त्यस व्यक्तिलाई ३ वर्षसम्म कारावास अनि जरिमाना दुवैद्वारा दण्डित् गरिन्छ।

यसैले तपाईंसँग अनुरोध गर्छौं कि केटा-केटीलाई काममा राख्नुजस्तो अमानवीय कार्य नगर्नुहोस्।

विनीत,

28.1.2016

जिल्ला शासक
दार्जीलिङ

*Puneet Yadav, IAS*

**District Magistrate & Collector, Darjeeling**
Telephone : Office (0354) 2254233, 2256201, 2254338 (Fax)
Telephone : Residence (0354) 2256182 (Tele Fax)
E-mail : dm.darjeeling@gmail.com & dm-darj@nic.in

सत्यमेव जयते

## बाल श्रमिक (प्रतिबन्ध नियम) अधिनियम १९८६-को सूचना एवं अपील

महोदय/महोदया,

दिनाकं १० अक्टोबर २००६-को केन्द्र सारकारको सूचनाको आधारमा घरेलू काम, डाबा, होटल आदि व्यवसायहरूमा संलग्न केटा-केटीहरूलाई बाल श्रमिक (प्रतिबन्ध अनि नियम) अधिनियम १९८६ अन्तर्गत प्रतिबन्ध गरिएको छ । यस नियम अन्तर्गत कुनै पनि व्यक्तिले घरेलु कामको निम्ति बाल श्रमिक राखेको खण्डमा यस ऐन अन्तर्गत १ सालको कैद अनि २०,०००/- रुपियाँ सम्मको आर्थिक जरिमाना लगाइनु सकिन्छ ।

यसैले हामी तपाईंहरूसँग अनुरोध गर्छौं किः

१. यस कानुनको विषयमा आफ्नो छर-छिमेकीहरू सबैलाई बताउनुहोस्।
२. यस आवेदनको प्रतिलिपि आफ्नो संस्थाको नोटिस् बोर्डमा टाँस्नुहोस्।
३. आफ्नो गाउँको कुनै पनि व्यक्तिले "बाल श्रमिक राखेको छैन" यो थाहा गर्नुहोस् साथै तपाईंको गाउँ "बालश्रम मुक्त छ" यसको घोषणा गर्नुहोस् अनि स्थानीय पुलिस थाना अनि श्रम कार्यालयमा सूचना दिनुहोस्।
४. गाउँको कुनै पनि व्यक्तिले घरेलू कामको निम्ति बाल श्रमिक राखेको जानकारी स्थानीय पुलिस थाना, श्रम कार्यालय वा चाइल्ड लाईन १०९८ (Child Line-1098) -मा सूचित गर्नुहोस् ।

यसैले हाम्रो यो बिन्ती छ कि बालश्रमजस्तो कुप्रथालाई नष्ट गर्न तपाईंले आफ्नो सामाजिक जिम्मेवारी पूरा गर्नुहोस् ।

विनीत,

28.1.2014

जिल्ला शासक
दार्जीलिङ